annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१२ पृष्ठ ८ | काठमाडौं, शनिबार २२ मंसिर २०८१ | मार्ग शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | SATURDAY, DECEMBER 7, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# दुलहा दुलहिन सीताराम जनकपुरमे

मनिका झा | *जनकपुरधाम*
– को रिपोर्ट

त्रेता युगमा भगवान् रामसीताबीच जुरेको वैवाहिक सम्बन्धको निरन्तरता स्वरूप यस वर्ष पनि जनकपुरमा भव्य रूपमा विवाह पञ्चमी सम्पन्न भएको छ। जानकी मन्दिरको प्रांगणमा बनाइएको सुन्दर पण्डालमा रामसीताको प्रतीकात्मक स्वरूपलाई राखेर वैवाहिक वर्षगाँठको कार्यक्रम गरियो। शनिबार रामकलेवा गरेर जन्तीको बिदाइ गरिएसँगै विवाहपञ्चमी महोत्सव सम्पन्न हुँदैछ।

समाचार पृष्ठ २



भित्री पृष्ठ



अचानक सेलाएको शान्तिक्षेत्र - पृष्ठ ३



'पनौतीलाई नेवारीमा पलाँती भनिन्छ, जसको अर्थ पाइला राख हो' - पृष्ठ ५



हिमाली पर्यटन : नाफा कि घाटा ? बहस गर्न ढिला भयो - पृष्ठ ५



'बीआरआईमा परियोजना अनुसार ऋण वा अनुदान हुन्छ' - पृष्ठ ७

## 'आठ वर्ष पुराना मुद्दा शून्यमा झार्छौं'

**अन्नपूर्ण** | *काठमाडौं*

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले चालू आर्थिक वर्षभित्र आठ वर्ष पुराना मुद्दा शून्यमा झार्ने लक्ष्य लिएको बताएका छन्।

गोला प्रणालीबाट हुने पेसी व्यवस्थापन प्रक्रिया सम्बन्धमा जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रधानन्यायाधीश राउतले न्यायालयलाई विश्वसनीय र पारदर्शी बनाउने कार्यमा गोला प्रणालीपछि पूर्णता दिएको बताए। 'संस्थागत सुधारका लागि जिरो आवरलाई उपयोग गरेका छौं,' प्रधानन्यायाधीश राउतले भने। गोलाप्रथामार्फत मुद्दा छान्ने समयमा हरेक दिन अघिल्लो दिनमा बेन्चमा आएका नयाँ विषयवस्तु बारे छलफल गरिने 'जिरो आवर'लाई जीवन्त बनाउने काम गरको उनले बताए।

गत असोज २० गते प्रधानन्यायाधीशमा नियुक्त राउतले न्यायिक सुधारको अभियानलाई तीव्रता दिँदै आएका छन्। आठ वर्ष नाघेका मुद्दाहरू जम्मा १ सय ५४ थान रहेको र चालू आर्थिक वर्षको असार मसान्तभित्र शून्यमा झार्ने लक्ष्य रहेको उनले जानकारी दिए। प्रधानन्यायाधीश राउतले भने, 'हामीले बनाएको योजनाअन्तर्गत जसरी भए पनि आठ वर्ष नाघेका मुद्दाहरू नराख्ने हो।'

वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले पारदर्शिता र उत्तरदायित्वको बोध गराउनु गोला प्रणालीको उद्देश्य रहेको बताइन्। उनले भनिन्, 'मुद्दा कसको बेन्चमा जाने भन्ने प्रक्रिया पारदर्शिता होस्। कुनै पनि कुराको कसैले चलखेल गरेको छैन भन्ने कुराको सुनिश्चितता गर्न गोला प्रणाली ल्याइएको हो। यसको प्रभावकारी ढंगले कार्यान्वयन भइरहेको छ।'

**कसरी हुन्छ गोला प्रथा ?**

सर्वोच्चमा दैनिक बिहान १० बजेर १० मिनेटमा गोला प्रणालीको प्रक्रिया सुरु हुन्छ। त्यतिबेलासम्म सबै न्यायाधीशहरू मर्यादाक्रमअनुसार बैठक कक्षमा उपस्थित भइसकेका हुन्छन्। मुद्दाको सूची साप्ताहिक रूपमा नै तयार भइसकेको हुन्छ।

यस प्रणालीमा चार प्रकारका गोलामार्फत मुद्दाको बाँडफाँड गरिन्छ।

सिसौको काठमा फरक-फरक रङ लगाएका गोला रहेका छन्। ती गोलामा एकल इजलास, मुद्दाको समूह र न्यायाधीशको संख्या राखिएको हुन्छ। गोलाहरू कालो एउटा झोलामा राखिन्छ अनि न्यायाधीशले त्यसलाई निकाल्ने गर्छन्। १ देखि १६ वटा नम्बरका गोटा पनि वरिष्ठताका आधारमा छान्न दिइन्छ। गोला टिप्नुअघि कुन मुद्दा आफ्नो इजलासमा पर्छ भन्ने न्यायाधीशलाई कुनै जानकारी हुँदैन। गोला तानेपछि इजलास गठन हुन्छ र मुद्दा कुन कुन इजलासमा परेको भन्ने जानकारी हुन्छ। सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले इजलासमा न्यायाधीश र मुद्दा छनोट कार्य गोलाबाटै हुने जानकारी दिए।



सर्वोच्च अदालतमा २०७८ मंसिर १५ गतेदेखि गोला प्रणालीबाट मुद्दाको पेसी व्यवस्थापन सुरु भएको थियो। सोही वर्ष माघ २ गतेदेखि उच्च अदालत र जिल्ला अदालतमा पनि गोला प्रणालीबाट मुद्दाको पेसी व्यवस्थापनको थालनी गरिएको हो।

सर्वोच्चमा हाल २६ हजार ५१ थान मुद्दा विचाराधीन अवस्थामा छन्। सर्वोच्चमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ। तर, अहिले प्रधानन्यायाधीशसहित १७ न्यायाधीश छन्। तर समयमा न्यायाधीशको पूर्ति नहुँदा पनि मुद्दाको न्यायिक निरूपणमा ढिलाइ हुने गरेको छ।

## १०औं राष्ट्रिय खेलकुद चैत २३ देखि

**काठमाडौं** (अन्नपूर्ण) : १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी चैत २३ देखि ३० गतेसम्म कर्णाली प्रदेशमा हुने भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा शुक्रबार बसेको ११८औं बोर्ड बैठकले १०औं राष्ट्रिय खेलकुद चैत अन्तिम साता गर्ने निर्णय गरेको हो।

यसअघि राखेपले १०औं राष्ट्रिय खेलकुद गत मंसिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमै गर्ने गरी प्रस्ताव गरेको थियो। गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको समापनका दिन २०७९ कात्तिक २ गते बसेको राखेपको ११५औं बोर्ड बैठकले उक्त मितिमा १०औं राष्ट्रिय खेलकुद कर्णालीमा गर्ने निर्णय गरेको थियो।

### सत्य निरूपण र बेपत्ता आयोगमा ४० जना सिफारिस

## लबिङ गर्ने बाहिरिए, नयाँ सिफारिस

**दिनेश गौतम** | *काठमाडौं*

पुन: नियुक्तिको लागि लबिङ गर्ने पुराना पदाधिकारीलाई पन्छाउँदै सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगको पदाधिकारीमा नयाँ अनुहारलाई 'सर्ट लिस्ट' गरिएको छ। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजकको सिफारिस समितिले दुवै आयोगका पदाधिकारीका लागि शुक्रबार 'सर्ट लिस्ट' गरेको हो।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्य नाम सिफारिससम्बन्धी छनोट प्रक्रियाअनुसार अध्यक्षमा ८ जनाको नाम सिफारिस गरिएको छ। छनोट सूचीमा रहेकाहरूमा डिल्लीराज आचार्य, शेरबहादुर केसी, काशीराज दाहाल, अच्युतप्रसाद भण्डारी, विजय सिजापति, विश्वराज कोइराला, सुदीप पाठक र महेश थापा छन्। स्रोतका अनुसार, अध्यक्षमा ८ र सदस्यमा ३२ जनाको नाम छनोट गरिएको छ। सदस्य छनोटमा समावेशितालाई समेत ध्यान दिइएको छ।

आयोगमा नियुक्तिको लागि योग्य व्यक्तिहरूको संक्षिप्त सूची शनिबार प्रकाशन गरिने समितिका प्रवक्ता खम्मबहादुर खातीले जानकारी दिए। प्रवक्ता खातीका अनुसार, अध्यक्ष र सदस्यमा सिफारिस भएका ४० जना व्यक्तिहरूको मानव अधिकार, शान्ति, कानुन, द्वन्द्व व्यवस्थापन वा समाजशास्त्रको क्षेत्रमा काम गरेको पृष्ठभूमि रहेको छ।




पूर्वप्रधानन्यायाधीश मिश्र संयोजकत्वको सिफारिस समितिमा मनोज दवाडी, अर्जुनबहादुर कार्की, स्टेला तामाङ र खम्मबहादुर खाती सदस्य छन्। समितिले सर्वसम्मत रूपमा नामहरू सिफारिस गरेको जनाइएको छ।

**सार्वजनिक प्रतिक्रिया लिइने**

समितिले यस पटक सिफारिसका क्रममा न्याय र मानव अधिकारको क्षेत्रमा काम गरेका व्यक्तिलाई बढी प्राथमिकता दिएको पाइएको छ। सिफारिसमा सूचीमा परेका व्यक्तिहरूको पृष्ठभूमि, कार्यशैली र व्यवहारका बारेमा सार्वजनिक प्रतिक्रिया लिइने भएको छ।

समितिका प्रवक्ता खातीका अनुसार, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको, मानव अधिकारको गम्भीर उल्लंघनसम्बन्धी कसुरमा सजाय पाएको, सशस्त्र द्वन्द्वमा संलग्न रहेको हो /होइन भनी सार्वजनिक प्रतिक्रिया लिइनेछ।

> दुवै आयोगको अध्यक्षका लागि डिल्लीराज आचार्य, शेरबहादुर केसी, काशीराज दाहाल, अच्युतप्रसाद भण्डारी, विजय सिजापति, विश्वराज कोइराला, सुदीप पाठक र महेश थापा 'सर्ट लिस्ट'मा परेका छन्।

**मंसिरमै नियुक्ति**

सार्वजनिक प्रतिक्रियासमेतको आधारमा उपयुक्त देखिएको व्यक्तिलाई दुवै आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्तिको लागि सिफारिस गरिने प्रवक्ता खातिले बताए। 'यही मंसिर महिनाभित्र नै नियुक्तिको लागि सिफारिस गर्ने तयारी छ,' उनले भने। नियुक्त हुने अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ।